# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४६) काठमाडौं, वैशाख १ गते २०५३ साल (अतिरिक्ताङ्क १

## भाग १

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

## शाही सन्देश

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट नयाँ वर्षको अवसरमा २०५३ साल वैशाख १ गते देशवासीको नाममा बक्सेको सन्देश,

प्यारा देशवासीहरू,

नयाँ वर्ष २०५३ आरम्भ भएको यस शुभ-अवसरमा सम्पूर्ण नेपालीहरूको सुस्वास्थ्य तथा सुखमय जीवनको कामना गर्दछौं ।

व्यापक परिवर्तनको कारणले जटिल हुँदै गएको समकालीन विश्वमा नेपाल जस्ता राष्ट्रहरूका सामु नयाँ चुनौतीहरू देखापरिरहेका छन् । यस अवस्थामा राष्ट्रिय एकता सुदृढ गर्दै मुलुकको आर्थिक समृद्धि तथा सामाजिक विकास गर्ने कार्यमा हामी सबै प्रयत्नशील हुनुपर्दछ । साथै बहुदलीय प्रजातन्त्रप्रति आस्था अभिवृद्धि गर्न जनतालाई वर्तमानप्रति सन्तुष्ट र भविष्यप्रति विश्वस्त पार्न सक्नुपरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आजको दिनले सबै नेपालीलाई इमान्दारीकासाथ राष्ट्रलाई समुन्नत पार्ने कार्यमा लाग्न प्रेरणा देओस् यही हाम्रो शुभकामना छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

मुद्रण विभाग, सिंहदरबार

६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको सूचना

श्री ५ महाराजाधिराजबाट राजप्रासाद सेवा नियमावली, २०४८ बमोजिम २०५३ साल वैशाख १ गतेदेखि लागू हुने गरी प्रमुख राजदरबार समारोह प्रबन्धक कार्यालयका का.मु. हाकिम प्रमुख सचिव हिराबहादुर जोशीलाई सोही कार्यालयको उप-प्रमुख राजदरबार समारोह प्रबन्धक पदमा बढुवा गरिबक्सी उक्त कार्यालयको का.मु. हाकिम तोकिबक्सेको छ ।

मौसूफबाट घरकाज विभागका अभियन्ता सह-सचिव सरह महेन्द्ररत्न बज्राचार्यलाई सोही विभागको अभियन्ता सचिव सरह पदमा बढुवा गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।